# पञ्चकन्या गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### कृषि विकास शाखा
### लाकुरीभञ्ज्याङ, नुवाकोट

प.स. २०८०/०८१
सूचना नं. २२

मिति: २०८०/०६/११

**गहुँ बालीको उन्नत बीउ उपयोगमा ५० % मूल्य अनुदान कार्यक्रमका लागि गहुँको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना !!!**

संघ, प्रदेश र स्थानीय तहको समन्वय तथा सहकार्यमा गुणस्तरिय बीउ बिजनको उत्पादन, आपूर्ती तथा वितरण प्रणालीको सुदृढीकरण तथा स्वदेशी जातको प्रवर्द्धन गर्न स्वीकृत बीउ बिजन उत्पादन आपुर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम चालु आर्थिक वर्ष २०८०/०८१ मा संघीय सर्शत बजेट मार्फत प्राप्त कार्यक्रम अनुसार यस कार्यालयबाट संचालन हुने गहुँ बालीको उन्नत बीउ उपयोगमा ५० % मूल्य अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक कृषक, कृषक समूह तथा कृषक सहकारीहरुलाई मिति २०८०/०६/२३ गते सम्म उन्नत गहुँको आवश्यक बीउ यस पालिकाको कृषि विकास शाखामा माग गर्नुहुन सम्वन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| क.स | मग गर्ने सकिने बीउको जात | उन्नत बीउको मूल्य | कैफियत |
|---|---|---|---|
| १ | WK-1204, स्वर्गद्वारी, अन्नपूर्ण ४, वाणगंगा, डाँफे, खुमलशक्ति, जिंक गहुँ १, जिंक गहुँ २, भृकुटी | अधिकतम मूल्य रु. ७० प्रति के.जी) का आधारमा निर्देशिकाको दफा १० को उपदफा ५ को खण्ड (छ), (ज), तथा (झ) अनुसार कायम हुने मूल्यको ५० % अनुदान | |

**आवश्यक कागजातहरु:**

- रु १० को टिकट टाँस गरेको कृषक समुह/कृषि सहकारी/कृषि फर्म/उद्यमी कृषकको नाम, ठेगाना, सम्पर्क नं खुलेको निवेदन,
- कृषक समूह/कृषि सहकारी/उद्यमी कृषक/कृषि फर्मको दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि, PAN/ VAT दर्ता प्रमाणपत्र र पछिल्लो आ.व को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- कृषक समूह/कृषि सहकारीको हकमा कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपि,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (कृषक समुह/कृषि सहकारीको पदाधिकारीको मात्र),
- सम्बन्धित वडा कार्यालयको सिफारिस।

थप जानकारीको लागि
९८४६३२९९६४, ९८४१९०३२७३ (कृषि विकास शाखा)

२०८०/०६/११
राममणि काफ्ले
प्रमुख प्रशासकीय अधिकृत